**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या २.४ मितिः २०७५/०९/१५

**भाग-२**

**देउमाई नगरपालिका**

**देउमाई नगरपालिका भित्रका सडक वालवालिकाको व्यवस्थापन खर्चकार्यविधि २०७५**

देउमाई नगरपालिका

## देउमाई नगरपालिकाभित्रकासडक वालवालिकाको व्यवस्थापन खर्चकार्यविधि २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७५।०९।१५**

**प्रस्तावना :**

विभिन्नकारणले सडकमा आएकावालवालिकाको उद्धार, संरक्षण, मनोसामाजिकविमर्श ,सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुर्नस्थापनातथापुर्नएकिकरणका कार्यक्रमहरु संचालन गरी सडक वालवालिकाको व्यवस्थापनतथा सडकमा वालवालिकाहरु नआउने वातावरण सृजनागर्न सञ्चालनगरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिको लागि देउमाई नगरपालिकाको प्रशासकीयकार्यविधिनियमितगर्ने ऐन २०७४ को दफा ४ बमोजिमदेउमाई नगरपालिकाले “देउमाई नगरपालिकाभित्रकासडक वालवालिकाको व्यवस्थापनखर्च कार्यविधि, २०७५”जारी गरेको छ ।

### परिच्छेदः १
### प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम“देउमाई नगरपालिकाभित्रकासडक वालवालिकाव्यवस्थापनखर्च कार्यविधि २०७५” रहनेछ ।

(ख) यो कार्यविधिमहिला, वालवलिकातथा ज्येष्ठ नागरिक मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागूहुनेछ ।

२. **परिभाषा:**विषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “प्रदेश र स्थानीयतहको वालअधिकार समिति”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय”भन्नाले महिला, वालवालिकातथा ज्येष्ठनागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “राष्ट्रिय वालअधिकार परिषद”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद गठन हुने समिति सम्झनुपर्दछ ।

(घ) “विभाग”भन्नाले महिलातथावालवालिकाविभाग सम्झनुपर्दछ ।

(ङ.) “वालकल्याण अधिकारी”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिमनियुक्तहुने वातोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च) “स्थानीयतह”भन्नाले गाउँपालिकावानगरपालिका सम्झनुपर्दछ ।

“कार्यक्रम”भन्नाले सडक वालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श,सामाजिकीकरण, पारिवारीकतथा सामाजिकपुर्नस्थापनाएवं पुर्नएकीकरणसहित सडक वालवालिकाको हितमाकार्य गर्न गराउन सचेतनालगायतवालअधिकारको प्रवर्धन र सडक वालवालिकाको अधिकार तथाभविष्य सुनिश्चितगर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालनगरिने देहायकाकार्यक्रम सम्झनुपर्दछ ।

१) सडक वालवालिकापहिचानतथा उद्धार

२) सम्पर्क गृह

३) सामाजिकीकरण केन्द्र

४) पारिवारिक तथा सामाजिकपुर्नमिलन, पुर्नस्थापना र पुर्नएकीकरण

५) पारिवारीक सहयोग तथाआर्थिक विकास

६) सचेतनाअभिवृद्धि तथा रोकथाम

(छ) "सडक वालवालिका"भन्नाले चौविसै घण्टा वा रातभर वादिनभर वादिनरातको केही समय जीवननिर्वाहकालागि सडकमा आश्रय लिएकानिम्नानुसारकावालवालिका सम्झनुपर्दछ ।

१) अभिभावकवा परिवार विहिनभईसडकमा रहेका,

२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पुर्णरुपमा सडकमा रहेका,

३) परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,

४) परिवारसँगै सडकमा रहेका,

५) विपद,द्वन्द्वलगायतकाकारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवननिर्वाहगर्न वाध्यभएका,

६) विभिन्नकारणले परिवारवाट परित्यक्तभइ सडकमा अलपत्र छाडिएका,

७) विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसँगआश्रय लिएकावालवालिका,

**परिच्छेदः २**

**कार्यकम संचालन र उद्देश्य**

**३. कार्यक्रमको उद्देश्यः**

(१) सडक वालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीकतथा सामाजिकपुर्नमिलन, पुर्नस्थापनातथापुर्नएकीकरण गरी उनीहरुलाई सडक जीवनवाट मुक्तगर्नु ।

(२) वालवार्लिका सडकमाआउने कारणको पहिचान गरी सो को सम्वोधनद्धारा उनीहरु सडकमाआउने कमलाई निरुत्साहनगर्नु ।

(३ ) सडक वालवालिकाव्यवस्थापनकार्य तथाखर्च गर्ने प्रकृयामाएकरुपताकायमगर्नु ।

**४. कार्यकम संचालन** :

प्रदेश तथा स्थानीयतहमा सडक वालवालिकाव्यवस्थापन सम्वन्धीकार्य गर्दा देहायवमोजिमगर्नुपर्नेछ ।

(१) प्रत्येक प्रदेशमाप्रदेश सरकार, सामाजिकविकास मन्त्रालयले सडक वालवालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिकपुनर्स्थापना, पुनर्मिलन, पुर्नएकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण लगायतको कार्यहरु संचालनगर्ने,। उद्धार गरिएकावालवालिकाहरुलाई प्रदेशको समन्वयमासम्वन्धितस्थानीयतहतथा सामाजिक संघसंस्थावाट पुर्नस्थापनागर्न सकिनेछ ।

(२) सडक वालवालिकाहरुलाई विभिन्न सचेतनामुलक सन्देश तथाकार्यकम संचालन गरी समाजमा वस्ने उपयुक्तवातावरण सृजनागर्दै पुनः सडकमा फर्कनवाट रोक्ने ।

(३) सडक वालवालिकाहरुको स्वास्थ्य, तथाऔषधीउपचार कार्यको लागिआवश्यकव्यवस्थामिलाउने ।

(४) सडक वालवालिकाहरुलाई औपचारिक तथाअनौपचारिक शिक्षा, सीपमुलकतथाअभिमुखीकरण तालीममार्फत सक्षमवनाउने कार्यहरु संचालनगर्ने ।

(५) वालवालिका सडकमाआउने कारणको पहिचान गरी सो को सम्वोधनद्धारा उनीहरु सडकमा आउने कमलाई निरुत्साहितगर्न कार्य अगाडि वढाउने ।

(६) सरोकारवालाहरु(सरकारी तथा गैरसरकारी संघ,संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

(७) प्रत्येक प्रदेशको प्रदेश सरकार, सामाजिकविकास मन्त्रालयतथाप्रदेशभित्र सञ्चालितसडक वालवालिका सम्वन्धीकार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदनमहिला, वालवालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने

## परिच्छेदः ३

## खर्च र लेखापरीक्षणः

**५ <u>खर्च र लेखापरीक्षणः</u>**

(क) सडक वालवालिकाव्यवस्थापनको लागिविभिन्न स्रोतवाट प्राप्तभएको रकमखर्चको प्रचलितकानुनवमोजिमआयव्यवविवरणको लेखाराख्ने तथाआन्तरिक लेखापरीक्षण तथाअन्तिम लेखा परीक्षण गराउने । सोको प्रतिवेदनमहिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयमा समेत पठाउनुपर्ने ।

(ख) सडक वालवालिकाको व्यवस्थापनको लागिविनियोजितवजेटप्रचलितआर्थिक प्रशासन सम्वन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रहीखर्च गनुपर्नेछ । उक्त रकमखर्च गर्दा सडक वालवालिका उद्धार, संरक्षण तथाव्यवस्थापनमार्गदर्शन २०७२ तथा यस कार्यविधिको परिधिभित्र रहीखर्च गर्नुपर्नेछ ।

(ग) विनियोजितवजेट अनुसार कुनकुन क्षेत्रमा के कति रकमखर्च गरियो, सडक वालवालिकाव्यवस्थापनमागरिएका सकारात्मकपक्षहरु के के रहे, कमीकमजोरीहरु के के छन् भन्ने सम्वन्धमाविवरण तयारगर्ने । वार्षिक रुपमामहिला, वालवालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

**६. <u>प्रतिवेदन पेश गर्नेः</u>**

सम्वन्धितप्रदेश वा स्थानीयतहले सडक वालवालिकाव्यवस्थापन सम्वन्धी गरेकाकार्यक्रमहरुको प्रगतीप्रतिवेदन, आयव्ययविवरण,मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमातयार गरी स्थानीयतहले सम्वन्धितप्रदेशको सामाजिकविकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिकविकास मन्त्रालयले एकीकृतरुपमाअर्धवार्षिक र वार्षिक रुपमामहिला, वालवालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद ४

## विविध

**७. <u>विविधः</u>**

सडक वालवालिका सम्वन्धीकार्यक्रम संचालनगर्दा सडक वालवालिका उद्धार, संरक्षण तथाव्यवस्थापनमार्गदर्शन, २०७२ र सडक वालवालिकापहिचानतथा उद्धारकालागिकार्यसंचालनपुस्तिका २०७२ लाइ समेत आधार मान्नुपर्नेछ ।